
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २९ गते बुधबार ❑ 13 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## महिला आत्मनिर्भरता स्थानीय सरकारको सफलता : राजदूत भोल्क

**पोखरापत्र संवाददाता**
**वालिङ, २८ असार**

नेपालका लागि अष्ट्रेलियाली राजदूत फेलिसिटी भोल्कले महिलालाई सक्षम बनाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन सकेमात्रै स्थानीय सरकारको सफलता देखिने बताउनुभएको छ।



स्याङ्जाको वालिङ नगरपालिकाले मंगलबार आयोजना गरेको कार्यक्रममा राजदूत भोल्कले महिलालाई सक्षम बनाउने खालका कार्यक्रम अगाडि सारेर आर्थिक उपार्जनसँगै आत्मनिर्भरतातर्फ जोड्नुपर्ने उल्लेख गर्नुभयो। अष्ट्रेलिया सरकारले नेपालका विभिन्न स्थानीय तहसँगको सहकार्यमा सञ्चालित कार्यक्रम सफल हुँदै गएको उहाँको भनाइ थियो । आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिँदै जाने राजदूत भोल्कले धारणा व्यक्त गर्नुभयो । नागरिकलाई समृद्ध बनाउन विचार तथा कार्यगत योजनाको एकापसमा अनुभव तर सिकाइ आदानप्रदान हुन आवश्यक रहेको राजदूत भोल्कले बताउनुभयो। नेपालका स्थानीय तहले गरेका असल अभ्यासलाई अष्ट्रेलियामा र उताका अभ्यासलाई नेपालमा लागू गर्न सकिने उहाँको धारणा थियो । यसप्रकारका भेटघाटले सिकाइ अनुभव आदानप्रदान तथा सम्बन्धलाई दीगो बनाउन टेवा पुग्ने नगर प्रमुख कृष्ण खाणले विश्वास व्यक्त गर्नुभयो। वालिङ नगरपालिका र दि एशिया फाउण्डेशन, अष्ट्रेलियबीच सम्झौता भई विगत वर्षदेखि नै सहकार्य हुँदै आएकोमा खुसी व्यक्त गर्नुहुँदै उहाँले आगामी दिनमा पनि निरन्तरताको अपेक्षा राख्नुभयो। वालिङ नगरपालिका र अष्ट्रेलियाका स्थानीय तहसँग भगिनी सम्बन्ध स्थापित गरी निरन्तर सिकाइ अभ्यास आदान प्रदानका लागि वालिङ नगरपालिका तयार रहेको उपप्रमुख कविता तिवारी गैह्रेले बताउनुभयो । राजदूत भोल्कले वालिङ नगरपालिकाले सञ्चालन गरेको इनोभेशन सेन्टर, सरसफाइ केन्द्रलगायतको अवलोकन गर्नुभएको प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले जानकारी दिनुभयो।

## सार्वजनिक यातायात महासंघको गण्डकी प्रदेश कार्यालय उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असार**

पोखरामा सार्वजनिक यातायात केन्द्रीय महासंघको गण्डकी प्रदेश कमिटीको कार्यालय उद्घाटन गरिएको छ।

पोखरा ११ स्थित रानीपौवामा गण्डकी यातायात व्यवस्था कार्यालयका प्रमुख डिल्लीराम रिजालले कार्यालयको उद्घाटन गरे। सो अवसरमा बोल्दै रिजालले यातायात महासंघको उद्देश्य अनुरुप नै काम गर्नेमा विश्वास व्यक्त गरे । उनले फरक प्रसंगमा बोल्दै यातायात व्यवस्थामा सेवाग्राहीलाई व्यवस्थित तरिकाले सेवा सुविधा प्रदान गर्नका लागि लागिपरेको उल्लेख गरे । 'हाम्रो कार्यालयमा हुने गरेको बेथितीको विरुद्धमा मैले काम गरिरहेको छु, उनले भने, 'अब डिजिटलाइजलाई ध्यानमा राखेर मैले विभागमा प्रस्तावहरु लगिसेको छु । जसरी हुन्छ भीडभाडलाई कम गर्ने र नागरिकमैत्री सेवा प्रदान गर्नको लागि म लागिपरहेको छु ।' उनले



मुलुक संघीय संरचनामा गइसकेको बताउदै प्रदेशमा अधिकार नदिएको बताए । 'हाम्रो सर्भर समेत हाम्रो हातमा छैन, उनले भने, 'एउटा नयाँ कर्मचारी सरुवा भएर आयो भने उसको एकाउण्ट बनाउने केन्द्रलाई नै गुहार्न पर्छ। त्यसैले हाम्रो अधिकार केन्द्रमै डम्पिङ भएको छ।'

उनले विचौलीया प्रथालाई अन्त्य गर्ने उद्देश्य सहित प्रविधिको प्रयोग गर्न तर्फ पहल गरिरहेको समेत बताएका थिए। यसैगरी सार्वजनिक यातायात केन्द्रीय महासंघको गण्डकी प्रदेश कमिटीका अध्यक्ष बसन्त प्रधानले उक्त कार्यालयबाट सवारीमा लगानी गर्ने र यात्रुहरुको समस्या समाधानको पक्षमा लाग्ने बताए । उनले सार्वजनिक यातायातले भोग्ने गरेको समस्या र यात्रुलाई गरिने ठगीको विषयमा गम्भीर भएर काम गर्ने समेत प्रतिवद्धता जनाएका थिए । प्रदेश कमिटीले प्रदेशभित्र सञ्चालन हुने यातायात सेवाको संरक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गुणस्तरीय


बाँकी अन्तिम पृष्ठमा ▶▶


## बजेटबारे देखिएको असन्तुष्टिप्रति मुख्यमन्त्रीको स्पष्टीकरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रतिष्ठानका नाममा भएका बजेट विनियोजनका सम्बन्धमा देखिएको असन्तुष्टि सम्बन्धमा मंगलबार आफ्ना धारणा व्यक्त गर्नुभएको छ।




गण्डकी प्रदेशसभाको आजको बैठकमा विशेष समय लिएर उहाँले देखिएका असन्तुष्टि सम्बन्धबारे स्पष्ट पार्नुभएको हो । गोवर्द्धन शर्मा स्मृति कोष, पुननारायण धनकुमारी श्रेष्ठ परोपकारी ट्रस्ट भवन निर्माण, डिल्लीराम लामिछाने स्मृति प्रतिष्ठान भवन निर्माण र अमृत जोशी स्मृति पार्कमा छुट्याएको बजेट प्राथमिकताका क्षेत्रमा खर्च गर्न निर्देशन दिइसकेको मुख्यमन्त्री पोखरेलले सभामा जानकारी गराउनुभयो।

गोवर्द्धन शर्मा मेमोरियल ट्रष्ट लगायतका प्रतिष्ठान, ट्रष्टका विषयलाई लिएर समाजमा, सामाजिक सञ्जाल, मिडिया र प्रतिपक्षले राखेको चासोबारे स्पष्ट पार्नका लागि सभामा समय मागेको उहाँले बताउनुभयो । देशमा परिवर्तनका लागि धेरै व्यक्तित्वले योगदान गर्नुभएको उल्लेख गर्दै उहाँले ती व्यक्तिलाई राष्ट्रले, प्रदेशले सम्झने कि नसम्झने ? प्रश्न गर्नुभयो। 'आज विपी कोइरालालाई छाडौँ, उहाँ प्रधानमन्त्री हुनुभयो, पुष्पलाल जी केही हुनुभाथ्यो ? थिएन । गणेशमानजी सरकारी पदमा जानुभयो, जानुभएन। यस्ता धेरै व्यक्तित्व हुनुहुन्छ, जसलाई हामीले सम्मान गरेका छौँ, गर्नुपर्छ र केन्द्रीय सरकारले गरिआएको पनि छ', मुख्यमन्त्री पोखरेलले भन्नुभयो।

## भानु जयन्तीमा सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**दमौली, २८ असार**

आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीको अवसरमा गण्डकी प्रदेश सरकारले सार्वजनिक बिदा दिने निर्णय गरेको छ । नेपाली भाषाका धरोहर आचार्यको जन्मजयन्तीको अवसरमा सरकारले असार २९ गते बुधबार सार्वजनिक बिदा दिने निर्णय गरेको हो । प्रदेश सरकार मन्त्रिपरिषद्को गत चैतमा बसेको बैठकले भानु जयन्तीमा बिदा दिने निर्णय गरी राजपत्रमा सूचना प्रकाशित गरेको थियो। प्रदेश सरकारले भानु जयन्तीसहित असोज २३ गते कोजाग्रत पूर्णिमा, फागुन ४ गते गण्डकी प्रदेश सरकार स्थापना दिवस र चैत १५ गते चैते दसैँमा पनि बिदा दिने निर्णय गरेको थियो। तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घामा जन्मिनुभएका आचार्यको जन्मजयन्ती मनाउन चुँदीरम्घामा विविध कार्यक्रमको आयोजना गरिएको छ । विसं १८७१ असार २९ गते जन्मिनुभएका आचार्यको विसं १९२५ असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कविको रुपमा परिचित भानुभक्त बाल्मिकी रामायणका अनुवादकका रुपमा प्रख्यात हुनुहुन्छ।

मोतिराम भट्टले उहाँलाई पहिलो पटक नेपाली भाषाका आदिकवि उपाधि दिनुभएको थियो । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, बधुशिक्षा लगायतका कृति लेख्नुभएको छ, भने उहाँका पाण्डुलिपीलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उहाँ नेपाली साहित्यमा चिनिनुभएको थियो।

## नेतृत्व खोजेको आरोप लगाइयो : जसपा सङ्घीय परिषद् अध्यक्ष डा भट्टराई

**रासस**
**काठमाडौं, २८ असार**

विभाजनको सङ्घारमा पुगेको जनता समाजवादी पार्टी (जसपा) नेपालको एकै दिन छुट्टाछुट्टै बैठक भएको छ।

पार्टी अध्यक्ष उपेन्द्र यादवपक्षको राष्ट्रिय कार्यकारिणी समितिको बैठक वीरगञ्जमा बसेको छ भने पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई पक्षको केन्द्रीय कार्यसमितिको विस्तारित बैठक मंगलबार काठमाडौँमा भएको छ। पार्टी रूपान्तरण/पुनर्गठनको औचित्य र कार्यभार विषयमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा जसपा सङ्घीय परिषद् अध्यक्ष भट्टराईले राष्ट्रिय पार्टी बनाउने उद्देश्यले सामूहिक नेतृत्वको कुरा गर्दै आफूलाई नेतृत्व खोजेको आरोप लागेको गुनासो गर्नुभएको छ।

पार्टीलाई हिमाल, पहाड तराई सबै जातिको प्रतिनिधित्व गराउन सामूहिक नेतृत्व बनाउनुपर्ने भट्टराईको जोड थियो । पार्टीमा तीन जनाको हेडक्वार्टर बनाउँदासमेत एउटा पनि बैठक बस्न नसकेको, केन्द्रीय समिति बैठकमा आफूहरूलाई नबोलाइएको भट्टराईको गुनासो छ । विसं २०७६ वैशाख २३ गते तत्कालीन सङ्घीय समाजवादी फोरम र नयाँ शक्ति पार्टी नेपालबीच एकता भई समाजवादी पार्टी गठन भएको थियो। विसं २०७७ वैशाख १० गते तत्कालीन राष्ट्रिय जनता पार्टीसँग समाजवादी पार्टीको एकता भई जनता समाजवादी पार्टी नेपाल बनेको थियो।

## कांग्रेस बैठकमा मर्यादाक्रम निर्धारणसम्बन्धी मस्यौदा प्रस्तुत

**रासस**
**काठमाडौं, २८ असार**

नेपाली कांग्रेसको बैठकमा केन्द्रीय समितिका पदाधिकारी र सदस्यको मर्यादाक्रम निर्धारणसम्बन्धी मस्यौदा छलफलका लागि प्रस्तुत गरिएको छ।


कांग्रेस केन्द्रीय कार्यसमितिको आजको बैठकमा सहमहामन्त्री बद्रीप्रसाद पाण्डेले मर्यादाक्रम निर्धारणसम्बन्धी मस्यौदा छलफलका लागि प्रस्तुत गर्नुभएको हो । सो प्रस्तावउपर सामान्य सुझाव आएको र छलफलपश्चात् पारित हुने उहाँले बताउनुभयो।

प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा भएको बैठकमा स्थानीय तहको निर्वाचन-२०७९ को समीक्षा हुनुका साथै सो सम्बन्धमा केन्द्रीय सदस्यले आफ्ना धारणा राख्ने क्रम जारी छ।

यसैगरी निवेदन प्राप्त थप भ्रातृ र शुभेच्छुक संस्थालाई मान्यता दिने सम्बन्धमा बैठकमा छलफल भएको सहमहामन्त्री पाण्डेले बताउनुभयो।

यही असार २७ गतेदेखि सुरु भएको बैठकमा आज नेता रामचन्द्र पौडेल, केन्द्रीय सदस्य चित्रलेखा यादव, उमा रेग्मी, जीपछिरिङ लामा, पदमनारायण चौधरी, आनन्दप्रसाद ढुङ्गाना, शङ्कर भण्डारी, मीनबहादुर विश्वकर्मा, श्यामकुमार घिमिरे, कल्याणकुमार गुरुङ, मोहनबहादुर बस्नेत, रमेश लेखक, अमृत अर्याल, कर्णबहादुर बुढा, डा गोपाल दहित, योगेन्द्र चौधरी, गेहेन्द्र गिरीले आफ्ना धारणा व्यक्त गर्नुभएको थियो।

यसैगरी बैठकमा केन्द्रीय सदस्य चन्द्रबहादुर केसी, मानबहादुर नेपाली, उमेशजङ्ग रायमाझी, उदयशम्शेर राणा, जितजङ्ग बस्नेत, गोविन्दबहादुर शाह, राजेन्द्रकुमार केसी, दिलमान पाख्रिन, महेन्द्रकुमारी लिम्बू, रामहरि खतिवडा, सरस्वती बजिमय, प्रकाश रसाइली स्नेही, रङ्गमती शाही, कुन्दनराज काफ्ले, प्रा डा गोविन्दराज पोखरेल, नानु बास्तोला र सुशीला थिङ्ले आ-आफ्नो धारणा राख्नुभएको थियो । केन्द्रीय कार्यसमितिको बैठक असार २९ गते दिउँसो १ बजे पार्टीको केन्द्रीय कार्यालयमा पुनः बस्ने पार्टी कार्यालय मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

# फोहोर मैला व्यबस्थापनसंगै ल्याण्डफिल्ड साइड स्थापना गर्ने मेयर आचार्यको भनाई

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले फोहोर मैला व्यबस्थापनसंगै ल्याण्डफिल्ड साइड स्थापना गर्न पहिलो ध्यान केन्द्रित गर्ने बताएका छन् ।


पोखरा महानगरपालिकाको एघारौं नगर सभा सम्पन्न भएको सन्दर्भमा सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यात्रिममा बोल्दै मेयर आचार्यले पोखराको विकासको लागि पहिलो काम फोहोर मैला व्यबस्थापन देखि पोखरामा ल्याण्डफिल्ड साइड स्थापना गर्ने तर्फ केन्द्रित हुने बताएका हुन् । पोखरामा क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थल निर्माण भएसंगै पोखरामा नयाँ ल्याण्डफिल्ड साइड बिना हवाई उडान संचालन नहुने भएको कारण पनि आफुहरुको पहिलो ध्यान ल्याण्डफिल्ड साइड स्थापनाको लागि हुने मेयर आचार्यले प्रष्ट पारे ।

पोखरा विमानस्थलबाट करिब १३ किलोमिटर टाडाको दुरी पोखरा ३३ मा समेत ल्याण्डफिल्ड साइड हुन सक्ने बताउदै मेयर आचार्यले केही समय पछि फोहोरको बर्गीकरण गरी अत्याधिक मात्रमा फोहोरलाई सदुपयोग गर्ने रणनितीमा रहेको जनाए । मेयर उद्यमशिलता कार्यक्कमको लागि ५ करोड विनियोजन भएको बताउदै मेयर आचार्यले महानगरको बेरोजगारी समस्या हल गर्दै युवा स्वरोजगार कोष, युवा उद्यमशील कोष समेत स्थापना गरेको जनाए ।

आउदो बर्ष देखि पोखरामा हाल निर्माण भएका मापदण्ड विरितका घर तथा भवनहरुको अध्यावधिक गर्दै एक पटकलाई निश्चित मापदण्डका आधारमा मान्यता दिने त्यसबाट ठुलो मात्रमा राजश्व संकलन हुने मेयर आचार्यले जनाए । आगामी एक महिना भित्र पोखराको सार्वजनिक जग्गा कति हो त्यसको तथ्याङ्क निकाली सार्वजनिक समेत गर्ने उनले जनाए । पोखरामा करिब एक लाख ५० हजार जसो घर तथा भवनहरु निर्माण भएका छन जस मध्य ५० प्रतिशत भन्दा बढी अवैध रुपमा निर्माण भएका वा नक्सा पास नगरेका तथा मापदण्ड विपरितका अग्ला घर तथा भवनहरु बनेको महानगरका सूचना अधिकारी भरतराज पौडेलले हामीलाई बताए । आउदो आर्थिक बर्षको लागि पोखरा महानगरले ८ अर्ब ७७ करोड ७५ लाख ५५ हजारको बजेट ल्याएको छ । जसमध्य पूर्वाधार विकास कार्यक्रममा ४ अर्ब ५३ करोड ९२ लाख अर्थात ५१.७ प्रतिशत विनियोजन भएको छ । त्यस्तै महानगरको शाधारण तथा महाशाखा तर्फ गरी ४७.०७ अर्थात ३ अर्ब ५१ करोड ५३ लाख ५५ हजार विनियोजन भएको छ ।

# प्रधानसम्पादक बास्तोलालाई श्रीपति पत्रकारिता पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, २८ असार



श्रीपति कोइराला गुठी पोखराले यसैबर्ष स्थापना गरेको श्रीपति सामाजिक पत्रकारिता पुरस्कारबाट आदर्श समाज राष्ट्रिय दैनिकका प्रधानसम्पादक कृष्णप्रसाद बास्तोलालाई सम्मान गरिने भएको छ ।

यसैगरी गुठीबाट संचालित श्रीपतिसमाजसेवापुरस्कार-२०७९ सर्लाहीको लालबन्दी नगरपालिका-२ जुटपानीस्थित पदम भुवनेश्वरी नमुना वृद्ध सेवाश्रमलाई प्रदान गरिने भएको छ । गुठीले ११५ औं श्रीपति जयन्ती अवसरमा सोमबार आयोजित कार्यक्रममा उक्त घोषणा गरेको हो । पुरस्कार घोषणा गर्दै गुठीका अध्यक्ष लक्ष्मण कोइरालाले पुरस्कार गुठीको ३० औं वार्षिक साधारणसभामा प्रदान गरिने जानकारी दिए । श्रीपति सामाजिक पत्रकारिता पुरस्कारको राशि २२ हजार २ सय २२ र सम्मानपत्र छ । समाज परिवर्तन, सामाजिक जागरण, समाजिक गतिविधि उजागर गर्ने पत्रकारलाई प्रदान गरिने प्रदेशस्तरीय यो पुरस्कार यसै वर्षदेखि सुरु गरिएको हो ।

श्रीपति समाजसेवा पुरस्कारको राशि २ लाख २२ हजार २ सय २२ र सम्मानपत्र रहेको छ । यसअघि उक्त पुरस्कारबाट अनुराधा कोइरालाद्वारा स्थापित माइती नेपाल र महावीर पुनबाट स्थापित राष्ट्रिय आविष्कार केन्द्र काठमाडौं सम्मानित भैसकेका छन् ।

सर्लाहीको पद्‌म भुवनेश्वरी नमुना वृद्ध सेवाश्रम लामो समयदेखि ज्येष्ठ नागरिक तथा अशक्त, असहाय एवं वेवारिसे नागरिकको सेवामा समर्पित छ । यस्तै, पत्रकार कृष्णप्रसाद बास्तोला ४२ वर्षदेखि पत्रकारिता क्षेत्रमा निरन्तर क्रियाशील छन् । विभिन्न सामाजिक संस्थामा पनि आवद्ध उनी स्वतन्त्र पत्रकार संघ नेपालका संस्थापक अध्यक्ष हुन् । श्रीपति कोइरालाको प्रतिमामा माल्यार्पण गरी सुरु ११५ औं श्रीपति जयन्ती कार्यक्रममा पुरस्कार छनोट समिति संयोजक प्राडा दिलबहादुर क्षत्रीले श्रीपतिको योगदानको चर्चा गर्दै पुरस्कारको लागि छनोट भएका संस्था र व्यक्तिबारे संक्षिप्त जानकारी गराएका थिए ।

गुठी अध्यक्ष लक्ष्मण कोइरालाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उपाध्यक्ष फणीन्द्रराज कोइरालाले स्वागत तथा सचिव नव राज कोइरालाले सञ्चालन गरेका थिए । विस १९९० को आसपासमा विभिन्न स्थानमा पाटी पौवा स्थापना गरी सामाजिक क्षेत्रमा अतुलनीय योगदान पुर्‍याएका श्रीपति कोइरालाको स्मृतिमा २०४९ सालमा स्थापित श्रीपति कोइराला गुठी पोखराले पुरस्कार तथा छात्रवृत्ति लगायत विभिन्न सामाजिक कार्यक्रम गर्दै आएको छ ।

# व्यावसायिक प्रवर्द्धनका लागि स्याङ्‌जामा १० ‘ब्लक’

पोखरापत्र संवाददाता
वालिङ, २८ असार

स्याङ्जामा १० वटा व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) सञ्चालनमा रहेका छन् ।

कृषि ज्ञान केन्द्र स्याङ्जाले कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्‍याउने गरी ब्लकमा समावेश गरिएका बाली/वस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, ‘ब्लक’ क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास तथा व्यावसायीकरण प्रवर्द्धन गर्ने उद्देश्यले ब्लक सञ्चालनमा ल्याएको हो ।

ज्ञान केन्द्रका सूचना अधिकारी एवं कृषि प्रसार अधिकृत ईश्वरीप्रसाद अर्याललले ‘ब्लक’ विकास कार्यक्रमअन्तर्गत स्याङ्जामा मौरी, तरकारी, फलफूल, धान र मसलाबालीमा ‘ब्लक’ सञ्चालनमा रहेको बताउनुभयो । मौरी ‘ब्लक’ मा तीन, तरकारी र सुन्तलामा दुई/दुई ‘ब्लक’ कागती, धान र मसलाबाली ‘ ब्लक’ मा एक/एक रहेका छन् । मौरी ‘ब्लक’ विकास कार्यक्रम पुतलीबजार नगरपालिका-९ को कोल्मा, ६ को टक्सार र भीरकोट नगरपालिकाका ३, ५, ७ र ८ नम्बर वडामा सञ्चालनमा छ । तरकारी ‘ब्लक’ फेदीखोला गाउँपालिकाका १, २, ३, ४ नं. वडा तथा वालिङ नगरपालिकाका १ र ५ नं. वडामा सञ्चालनमा रहेको सूचना अधिकारी अर्याललले जानकारी दिनुभयो । आँधीखोला गाउँपालिका २, ६ तथा वालिङ नगरपालिका २, ५ मा सुन्तला ‘ब्लक’ निर्धारण गरी कार्यक्रम सञ्चालनमा रहेको छ । बिरुवा गाउँपालिका ६ मा कागती, पुतलीबजार नगरपालिका १३ मा धान, हरिनास गाउँपालिका २, ४ मा मसलाबाली अन्तर्गत अदुवा ‘ब्लक’ विकास कार्यक्रम सञ्चालनमा रहेको छ । “बाली/वस्तु उत्पादनमा काम गरिरहेका समूह सहकारीले दिएको आवेदनका आधारमा कार्यविधिअनुसार छनोट गर्छौं”, उहाँले भन्नुभयो, “स्याङ्जामा हाल ६ वटा बाली तथा वस्तुका १० ‘ब्लक’ सञ्चालनमा छन् । एउटा ‘ब्लक’ मा दुई वर्षसम्म कार्यक्रम सञ्चालन हुनेछ । पहिलो वर्ष ज्ञान केन्द्रले रु २४ लाख र दोस्रो वर्ष रु १३ लाख ‘ ब्लक’ विकास कार्यक्रमकालागि अनुदान उपलब्ध गराउँछ । ‘ ब्लक’ क्षेत्रमा रासायनिक तथा प्राङ्गारिक मल, उन्नत तथा हाइब्रिड बीउविजन, रासायनिक एवं जैविक विषादीलगायत उत्पादन सामग्रीमा अनुदान सहयोग उपलब्ध गराइने उहाँले बताउनुभयो । बाली तथा वस्तुको उत्पादनमा वृद्धि गर्नका लागि क्षेत्रफल, कृषक समूह, लाभान्वित सङ्ख्यासहितलाई आधार मानेर पकेट, ब्लक, जोन र सुपरजोन निर्धारण गरी सञ्चालनमा रहेका छन् ।

# अन्तर सहकारी ब्याडमिन्टन प्रतियोगिताको उपाधि बुद्ध बचत तथा ऋण सहकारीलाई

पोखरापत्र संवाददाता
पोखरा, २८ असार



बिशाल बचत तथा ऋण सहकारी संस्थाद्धारा आयोजना गरिएको सातौ अन्तर सहकारी ब्याडमिन्टन प्रतियोगिताको उपाधि बुद्ध बचत तथा ऋण सहकारीले जितेको छ ।

बिशाल बचत तथा ऋण सहकारी संस्थाद्धारा आयोजना गरिएको अन्तर सहकारी ब्याडमिन्टन प्रतियोगितामा बुद्ध बचत तथा ऋणसहकारी संस्थाका दुर्गा राज बराल र उपेन्द्र श्रेष्ठको जोडी प्रथम हुदै नगद बिस हजार ट्रफि तथा प्रमाणपत्र हात पारेको थियो ।प्रतियोगितामा मित्र मिलन सहकारीका अमृत श्रेष्ठ र हेमकृष्ण श्रेष्ठको जोडी द्दितिय हुदै नगद दश हजार र ट्रफि तथा प्रमाणपत्र पाउनसफल भएका थिए । प्रतियोगितामा बिशाल सहकारीका शिव शर्मा र प्रदिप कुमार मुल्मी कर्मशिल सहकारीका शोभाखर भण्डारी रशुसिल पौडेलको जोडी तृतिय हुदै नगद पाँच हजार र ट्रफि तथा प्रमाणपत्र प्राप्त गरेका थिए ।

यस अघि कार्यक्रमा बोल्दै पोखरा महानगरपालिका ८ का वडा अध्यक्ष रुद्र नाथ बरालले यस्ता खालका प्रतियोगिताले सहकारीसंस्थाहरु बिच सुमुधुर सम्वन्धको विकास हुने बताउदै आफ्नो स्वास्थ्यलाई समेत फाइदा पुग्ने बताए । बिशाल बचत तथा ऋण सहकारीसंस्थाका उपाध्यक्ष शिव शर्माको अध्यक्षतामा भएको उक्त प्रतियोगितामा खेलकुद उप समितिका संयोजक ईन्द्रराज अर्याललले स्वागतमन्तव्य राख्दै कार्यक्रमको बारेमा प्रकाश पारेका थिए । कार्यक्रममा सहकारी खेलकुद उपसमितिका सदस्य अम्वर वहादुर गुरूङ्लेसहकारीका सात सिद्वान्त बाचन गरेका थिए भने सहकारीकी सचिव तारादेवी पराजुलीले कार्यक्रम सन्चालन गरेकी थिईन ।

# अध्यक्ष नेपालसँग लिउ जियानचाओको भेट

रासस
काठमाडौं, २८ असार

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालसँग नेपाल भ्रमणमा रहनुभएका चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) का विदेश विभाग प्रमुख लिउ जियानचाओले मंगलबार शिष्टाचार भेट गर्नुभएको छ । नयाँ बानेश्वरस्थित एक होटलमा उहाँहरूबीच भेटवार्ता भएको हो ।

भेटवार्तापछि अध्यक्ष नेपालले सञ्चारकर्मीसँग सङ्क्षिप्त कुरा गर्दै कसरी नेपाल र चीनबीचको सम्बन्धलाई बलियो बनाउने विषयमा छलफल भएको बताउनुभयो । अध्यक्ष नेपालले चीन विरुद्ध नेपालको भूमि प्रयोग हुन नदिने नेपालको परराष्ट्र नीतिबारे आफूहरूले विश्वस्त बनाएको बताउनुभयो ।

दुवै देशका राजनीतिकलगायत विभिन्न तहबाट हुने भ्रमणबाट एकापसमा सम्बन्ध सुमधुर रहने सिपिसीका विदेश विभाग प्रमुख जियानचाओले विचार व्यक्त गर्नुभएको र विभिन्न पार्टीसँग सम्बन्ध सुमधुर बनाउन चाहेको बताउनुभएको थियो ।

सो अवसरमा सम्मानित नेता झलनाथ खनाल, उपाध्यक्षद्वय जयन्ती राई र प्रमेश हमाल, उपमहासचिवद्वय डा गङ्गालाल तुलाधर र जगन्नाथ खतिवडा, सचिव प्रकाश ज्वालालगायत नेता सहभागी हुनुहुन्छ ।

## सार्वजनिक...

सेवा प्रदान गर्ने, नेपाल सरकार तथा कम्पनी ऐन, पर्यटन ऐन, साविक करार ऐन, यातायात व्यवस्था ऐन र अन्य प्रचलित ऐन कानूनको अधिनमा रहि दर्ता भए गरेका यातायातसँग सम्बन्धित सम्पूर्ण कम्पनी, प्रालिलाई सदस्यता प्रदान गर्ने, पेशागत संरक्षण गर्ने, यातायात क्षेत्रसँग समबन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने, आलोपालो पद्धती अनुसार रुटको व्यवस्था गर्ने, यातायातसँग सम्बन्धित आवश्यक नीति नियम आचारसंहिता ऐन, कानून निर्माण, तर्जुमा गर्नका लागि सम्बन्धित निकाय तथा प्रदेश सरकारलाई राय सुझाव तथा परामर्श दिने लगायतको उद्देश्य अघि सारेको छ । अध्यक्ष प्रधानका अनुसार हाल उक्त कमिटीमा २४ वटा यातायात प्रालिहरु सदस्यका रुपमा आवद्ध भइसकेका छन् ।


## पसल बिक्रीमा

पोखरा-४ चिप्लेढुंगा, मानवअधिकार चोक UFO अगाडि अति चालु अवस्थामा रहेको फ्लोरा द बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।

सम्पर्कः
मो. ९८०४१४९२६३, ९८५६०३६१२१

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# संसदीय प्रणाली विपरीत काम

संसदीय प्रणाली अपनाएका देशमा संसदको प्रमुख प्रतिपक्षी दललाई लेखा समिति दिने गरिन्छ । नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवा प्रधानमन्त्री भएको एक वर्ष पुरा भएको छादेउवाको पाँचौ पटकको प्रधानमन्त्री काल विगतको भन्दा झन विवादित भएका छन । आर्थिक सूचक हरेक क्षेत्रमा नकारात्मक रहेका छन । महंगी बढ्दो छ । व्यापार घाटा चुलिएको छाभ्रष्टाचार बढेको छाराज्यकोषबाट लुटपाट मच्चाउने काम निरन्तर छासंविधान कार्यान्वयन गर्नु भन्दा मिच्ने काम भएको छ । देशमा कानुनी शासन र लोकतान्त्रिक आचरण देखाउन नसक्दा हरेक क्षेत्रमा अराजकता बढेको छ । सरकारले गरेका गलत कामको खबरदारी गर्ने काम संसदको हो । संसद भित्रका समितिलाई कृयाशील बनाउन सके मात्र सरकारलाई अंकुश लगाउन सकिन्छ । लेखासमितिले सरकारले गरेका गलत काम रोक्ने, आर्थिक अनुशासन कायम गराउन सशक्त भुमिका खेल्ने लेखा समितिलाई निष्कृय बनाउने काम सरकारले गरेको छ ।

प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा सत्तापक्षकै सांसद सभापति भएको ठ्याक्कै एक वर्ष भयो । प्रमुख प्रतिपक्षी दलको हैसियतमा लेखा समितिको सभापति लिएको नेपाली कांग्रेसले सरकारमा गएको एक वर्षसम्म यो समितिको नेतृत्व प्रतिपक्षी दललाई नछाडेर अधिनायकवादी चरित्र देखाएको छ । सार्वजनिक लेखा समितिको सभापति प्रमुख प्रतिपक्षीलाई छोड्नुपर्ने भन्दै एमालेले उठाएका विषयलाई सरकारले गम्भीरतापूर्वक लिन चाहेन।एमालेको मागलाई बुझ्न नसक्दा समितिको निर्ण बहुमत अल्पमतका आधारमा हुन थालेको छा यो अवस्था आउनु राम्रो होइन ।

सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदनको विषयमा छलफल गर्न बैठक बोलाइएको बैठक समेत विपक्षी नभएको अवस्थामा निर्णय रोक्नुपर्ने हो । तर, एमालेले सभापति नहटेसम्म कुनै प्रकारको छलफलमा भाग नलिने निर्णय सुनाएर बैठक बहिस्कार गर्ने वातावरण सरकारले बनाएको छ । बैठक बहिस्कारअघि बोल्दै नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक समेत रहेका लेखा समिति सदस्य विशाल भट्टराईले लेखा समितिको नेतृत्व विपक्षी दलले पाउने परम्परा रहेको बताए । परम्परालाई लत्याउँदै कांग्रेसले सरकारमा गएको एक वर्षसम्म पनि नेतृत्व नछाडेको भन्दै एमालेले उठाएका मुद्दा संसदीय प्रणाली बलियो बनाउन थियो । सरकार बनेको ठीक एक वर्षपछि नै बैठक त बस्यो । एक वर्षमा लेखा समिति छ कि छैन जस्तो भयो यो देशमा', उनले भने, 'सरकारले खर्च गरेको परीक्षण प्रमुख प्रतिपक्षले गर्न पाओस् भनेर लेखा समिति सभापति विपक्षलाई दिने चलन छ ।'

अब एमालेले लेखा समिति सभापति प्रमुख प्रतिपक्षलाई नै दिनुपर्छ भन्ने आवाज लगातार उठाउने गरेको छ । 'आफूले खर्च गरेको कुरा आफैंले हेर्नु गठबन्धन सरकारको लागि पनि उचित कुरा होइन'। 'कांग्रेसले सभापति छाडेर प्रमुख प्रतिपक्ष दललाई दिएपछि मात्रै यो बैठक अगाडि बढ्न सहज हुनेछ । ओली नेतृत्वको सरकारले गरेका काम गलत पुष्टि गर्न बारम्बार लेखा समितिले छलफल गरेको तर अहिलेको सरकारको एक वर्षसम्म कुनै पनि बैठक नबसेकोमा उल्टै हाईसन्चो भएको छ । 'पछिल्लो एक वर्षमा ठूलाठूला विषय उठे तर विपक्षी त्यो विषयमा बेखबर जस्तै भयो ।', उनले भने, ' आफ्नै सरकार, आफैं सभापति भएर बैठक राख्नुभएन आफ्नो लागि उचित गर्नुभयो । राष्ट्रको लागि उचित कुरा भएन ।' नेकपा एमालेका सांसद गोकुल बास्कोटाले पछिल्लो एक वर्षमा संसदका अन्य समिति सक्रिय हुँदा सार्वजनिक लेखा समिति निष्क्रिय भएको बताए । एक वर्षमा ठूला ठूला बेथिती भए पनि समितिमा छलफल भए जवाफ दिनुपर्छ भनेर समितिलाई सत्ताको छायाँमा राखेको उनको आरोप छ ।

'सरकारले नै यो समितिलाई सक्रिय हुन दिएन । सभापतिलाई सरकारले अफ्ठ्यारोमा पारेपछि तपाईंले किन अफठ्यारो झेल्नुपर्‍यो विचार गरे भयो नि ? यो समिति संसदीय व्यवस्था अनुसार गरौं । हामीलाई अन्य कुरामा छलफल गर्न समस्या छैन'। समिति सभापति परिवर्तन गर्दा आगामी चार महिनामा पनि धेरै काम गर्न सकिने हुन्छ । प्रतिनिधिसभाको बाँकी कार्यकाल चार महिना समय बाँकी रहँदा पनि लेखा समितिले धेरै कुराहरु गर्न सक्छ । एमालेले बहिस्कार गरेर हिंडेपछि पनि लेखा समितिको सभापति विपक्षीले पाउनुपर्ने विषयमा अन्य सांसद पनि सहमत छन । अन्तर्राष्ट्रिय मान्यता र लोकतान्त्रिक प्रणालीमा लेखा समिति सभापति प्रमुख प्रतिपक्षले नै पाउनुपर्नेमा दुई मत छैन । लेखा समिति सभापतिले प्रधानमन्त्री तथा पार्टी सभापतिसँग कुरा गरेर सहज वातावरण बनाउनुपर्ने हो । 'प्रमुख प्रतिपक्षले उठाएका कुरा ठीक हो, आफ्नो सरकारले खर्च गरेको कुरा आफैंले हेर्नुहुन्न भन्ने कुरामा केही सत्ता गठबन्धनका समर्थन गर्न चाहन्छु', उनले भने, 'सभापतिले राजीनामा दिने विषयमा प्रधानमन्त्रीसँग छलफल गरेर निकास दिनुपर्छ ।'

# व्यास नपाद्वारा भूमिहीनलाई निस्सा वितरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, २८ असार**

तनहुँको व्यास नगरपालिकाले भूमिहीनलाई लालपुर्जाको निस्सा वितरण गर्न सुरुआत गरेको छ । नगरपालिकाले व्यास नगरपालिका-१ बाट सोमबारदेखि निस्सा वितरण थालनी गरेको हो । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपुर्जा दिने प्रक्रियास्वरुप निस्सा वितरण थालिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाको कार्यालयमा आयोजित कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरप्रमुख वैकुण्ठ न्यौपाने, राष्ट्रिय भूमि आयोगका जिल्ला अध्यक्ष रामचन्द्र अधिकारीले लालपुर्जाको निस्सा वितरण गर्नुभयो । व्यास-१ का ४४ भूमिहीन दलित, ४५ भूमिहीन सुकम्बासी र ३६७ अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गरिएको नगरपालिकाका इञ्जीनियर रवीन्द्रलाल मूलले जानकारी दिनुभयो । निस्सा लिन नआएकाहरूलाई सम्बन्धित वडा कार्यालयमार्फत वितरण गरिने उहाँले बताउनुभयो । भूमिहीन दलित र भूमिहीन सुकुम्बासीका लागि दाबी-विरोधस्वरुप एक हप्ताको र अव्यवस्थित बसोबासीका लागि १५ दिने सूचना जारी गरिने ई मूलले बताउनुभयो ।

नगरपालिकाका १४ वटै वडामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी गरी करिब १० हजार जना रहेको नगरपालिकाले जनाएको छ । व्यास नगरप्रमुख न्यौपानेले भूमिहीनलाई व्यवस्थित गर्नका लागि नगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो । राष्ट्रिय भूमि आयोगका अध्यक्ष रामचन्द्र अधिकारीले निस्साकै आधारमा अब जग्गा नापजाँचको प्रक्रिया अगाडि बढ्ने जानकारी दिनुभयो । जिल्लाका अन्य स्थानीय तहहरूले भूमिहीनलाई लालपुर्जाको निस्सा वितरण सुरु गरेका छन् ।

केही दिन अगाडिमात्रै आँबुखैरेनी र देवघाट गाउँपालिकाले पनि लालपुर्जाको निस्सा वितरण गरेका छन् । आँबुखैरेनी गाउँपालिकाले वडा नं १ र २ तथा देवघाट गाउँपालिकाले वडा नं ५ मा निस्सा वितरण गरेको छ । विसं २०७७ चैत २२ गते र विसं २०७८ फागुन २६ गते लगत सङ्कलनका लागि ३५ दिने सूचना प्रकाशित गर्दा निवेदन दर्ता भएका व्यक्तिहरूलाई नापनक्साको निस्सा वितरण गरिएको आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । वडा नं १ का ९५ र वडा नं २ का ९९ जनालाई निस्सा बाँडिएको छ । गाउँपालिकाले ६ वटै वडाका ८८३ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गर्नेछ । निस्सा वितरणकै आधारमा अब जग्गाको नापजाँच प्रक्रिया अगाडि बढ्ने भएकाले भूमिहीनले लालपुर्जा पाउने अध्यक्ष चुमानले बताउनुभयो ।

देवघाट गाउँपालिकाले वडा नं ५ का ७५ जनालाई निस्सा वितरण गरेको छ । पटक-पटक बनेको भूमि आयोगले लालपुर्जाका लागि निवेदन सङ्कलन गरे पनि सरकार परिवर्तनसँगै आयोगका पदाधिकारी फेरबदल हुँदा उनीहरूले लालपुर्जा पाउन सकेका छैनन् । यसअगाडि शुक्लागण्डकी नगरपालिका र बन्दीपुर गाउँपालिकाले पनि निस्सा वितरण गरेका छन् । शुक्लागण्डकीले पहिलो चरणमा २४७ जनालाई निस्सा वितरण गरिएको छ । नगरपालिकाका १२ वटै वडाबाट चार हजार ४०३ भूमिहीनको निवेदन सङ्कलन भएको छ । बन्दीपुर गाउँपालिकाले छवटै वडाका ३२५ जनालाई निस्सा वितरण गरिसकेको छ ।

# बागलुङमा डेङ्गु भेटियो

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ असार**

बागलुङमा डेङ्गुका बिरामी फेला पर्न थालेका छन् । गर्मी बढेसँगै जिल्लामा डेङ्गुको जोखिम देखिन थालेको हो । लामखुट्टेको टोकाइबाट सर्ने यो रोगको सङ्क्रमण जिल्लाका दुई जनामा भेटिएको हो ।

धवलागिरि अस्पतालमा उपचार गर्न आएकी एक महिला र एक पुरुषमा लक्षण देखिएपछि परीक्षण गर्दा डेङ्गु पुष्टि भएको अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ट डा शैलेन्द्र बी पोखरेलले जानकारी दिनुभयो । उनीहरू शनिबार र आइतबार अस्पताल भर्ना हुन आएका थिए । सङ्क्रमित बागलुङ नगरपालिका-७ का र ९ रहेका छन् । ती बिरामीको अवस्था अहिले सामान्य रहेको अस्पतालले जनाएको छ ।

उच्च तापक्रम रहेको ठाउँमा पाइने एडीच प्रजातिको लामखुट्टेले टोकेपछि डेङ्गु हुने हुँदा सरसफाइमा ध्यान दिनुपर्ने स्वास्थ्यकर्मीको भनाइ छ । वर्षात्का कारण जमेको पानीबाट बढी लामखुट्टे उत्पादन हुने गरेकाले पानी जम्ने खाल्डाखुल्डी पुर्नुपर्ने स्वास्थ्यकर्मीको सुझाव छ ।

# भारी वर्षाको सम्भावना : सतर्कता अपनाउन आग्रह

**रासस**
**काठमाडौं, २८ असार**

देशभर आंशिकदेखि सामान्य बदली रही देशको पहाडी भू-भागका केही स्थानमा र बाँकी भू-भागका थोरै स्थानमा मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

साथै प्रदेश नं १, गण्डकी र लुम्बिनी, सुदूरपश्चिम प्रदेशको एक वा दुई स्थानमा भारी वर्षाको सम्भावनासमेत रहेको जनाइएको छ । विभागले प्रदेश नं १, गण्डकी, सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेकाले पहाडी भू-भागमा भू-क्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको साथै नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्नसक्ने र दैनिक जनजीवन/ यातायात क्षेत्रसमेत प्रभावित हुनसक्ने भएकोले आवश्यक सतर्कता अपनाउन नागरिकलाई अनुरोध गरेको छ । राति देशभर आंशिकदेखि सामान्य बदली रही देशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रही सुदूरपश्चिम प्रदेशको एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ ।

# वेगखोलामा पक्की पुल नहुँदा जोखिमपूर्ण यात्रा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ असार**

मुस्ताङसँग यातायातमार्फत काठमाडौँलगायत देशका विभिन्न ठाउँसँग जोड्ने एउटै बेनी-जोमसोम सडकखण्डको बेगखोलामा पक्की पुल नहुँदा तीर्थयात्री, पर्यटक, उत्तरी म्याग्दी र मुस्ताङका स्थानीयवासी जोखिम लिएर यात्रा गर्न बाध्य छन् । म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेगखोलामा पक्की पुल नबन्दा यात्रुले सास्ती भोग्दै आएका हुन् । हिउँदमा कुनै समस्या नभए पनि वर्षामा पानीको बहाब बढेपछि खोला वारपार गर्न नसक्दा सवारी साधन घण्टौंसम्म रोकिनुपर्छ ।

बाढीले दैनिकजसो बाटो अवरुद्ध हुनुका साथै खोला तर्न नसकेर यातायातका साधन तथा पैदलयात्रु बाटोमा अलपत्र पर्ने गरेका स्थानीय टेकसरा पुनले बताउनुभयो । विसं २०७३ भदौ १६ गते रातिको बाढीले बेगखोलाको बस्तीसँगै झोलुङ्गे पुल र बेलिब्रीज बगाएको थियो । त्यसयता अस्थायी संरचनासमेत बन्न नसक्दा वर्षाको समयमा सर्वसाधारणले सास्ती भोग्न बाध्य भएका यात्रु कृष्ण शर्माले बताउनुभयो । पैदलयात्राका लागि हालै सामान्य काठे पुल स्थानीयवासीले बनाएका छन् । तर सवारी साधनलाई अन्य कुनै विकल्प नहुँदा अझैसम्म जोखिम मोलेरै खोला वारपार गराउने गरेको यातायात व्यवसायी सागर पुर्जाले दुःखेसो व्यक्त गर्नुभयो ।

# दमौली अस्पतालमा संक्रमणजन्य रोगका बिरामी बढे

**रासस**
**दमौली, २८ असार**

दमौली अस्पतालमा सङ्क्रमणजन्य रोगका बिरामी बढेका छन् ।

ज्वरो, टाइफाइड, निमोनिया, रुघाखोकी, झाडापखला लगायतका बिरामी बढेको सो अस्पतालले जनाएको छ । अस्पतालमा आएका बिरामीमध्ये रुघाखोकी, टाइफाइडका बिरामी धेरै भएको अस्पतालका डा दिवस ढकालले जानकारी दिनुभयो ।

दिनमा २५० भन्दा बढी बिरामी उपचारार्थ आउनेमा ३० देखि ४० प्रतिशत टाइफाइडका बिरामी छन् । सङ्क्रमणजन्य रोग भएकोले एक व्यक्तिबाट अर्कोमा सर्न सक्ने भएकोले सुरक्षित हुन होम आइसोलेशनमा बस्ने र खानपानमा ध्यान दिन सुझाव दिइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो,"पानी उमालेर खान र आराम गर्न सुझाब दिइएको छ ।" टाइफाइड रोग खानेपानी र खानाबाट सर्ने भएकोले सफा खाने पानी पिउन र स्वास्थ्यकर खाना खाना आग्रह गरेको उहाँले बताउनुभयो ।

# भानु जयन्तीमा राष्ट्रियस्तरको कविता प्रतियोगिता : रामेछापका परियार प्रथम

**पोखरापत्र संवाददाता**
**दमौली, २८ असार**

नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको २०९औँ जयन्तीका अवसरमा आज आयोजित राष्ट्रियस्तरको कविता प्रतियोगितामा रामेछापका विक्रमपवन परियार प्रथम हुनुभएको छ । आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले भानु नगरपालिका-४ चुँदीरम्घामा आयोजना गरेको कविता प्रतियोगितामा २४० अङ्क प्राप्त गरी परियार प्रथम हुनुभएको हो । प्रतियोगितामा उहाँले 'सूर्यमुखी फूल' शीर्षकमा कविता वाचन गर्नुभएको थियो । प्रतियोगितामा पर्वतका तारानाथ पराजुली २३८ अङ्क प्राप्त गरी द्वितीय हुनुभएको छ । उहाँले 'नजन्माइएका छोरीहरु' शीर्षकमा कविता वाचन गर्नुभएको थियो । पर्वतकै लक्ष्मीदेव गौडेल २३६ अङ्क प्राप्त गरी तृतीय हुनुभएको छ । उहाँले 'प्रिय कविको सम्झनामा' शीर्षकमा कविता वाचन गर्नुभएको थियो । अछामका मीनप्रसाद पाण्डे २३५ अङ्कसहित सान्त्वना प्राप्त गर्नुभएको छ । उहाँले 'मुजारे गुराँस' शीर्षकमा कविता वाचन गर्नुभएको थियो । मोरङका केशव भण्डारी कञ्चन २३१ अङ्क प्राप्त गरी सान्त्वना प्राप्त गर्नुभएको छ । उहाँले 'देश छाड्नुअघि' शीर्षकमा कविता वाचन गर्नुभएको थियो । प्रतियोगितामा विभिन्न जिल्लाका १५ कविको सहभागिता रहेको थियो । पैँतीस जिल्लाबाट ११२ कविता प्राप्त भएकामा प्रतियोगिताका लागि १५ कविता छनोट गरिएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः रु २० हजार, रु १५ हजार, रु १० हजार र सान्त्वना हुने दुई जनालाई जनही रु पाँच हजार प्रदान गरिने आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक डा शङ्कर रानाभाटले जानकारी दिनुभयो । पुरस्कार वितरण भोलि भानु जयन्तीको अवसरमा गरिनेछ । प्रतियोगितामा नेपाल प्रज्ञा प्रतिष्ठानका काव्य विभाग प्रमुख प्रा डा हेमनाथ पौडेल संयोजक रहनुभएको थियो । सदस्यमा प्राज्ञ धीरेन्द्र प्रेमर्षी र डा विन्दु शर्मा रहनुभएको थियो । यसैगरी भानुभक्तीय रामायण वाचन प्रतियोगितामा सुस्मिता तिमिल्सिना प्रथम, मधुकला आचार्य द्वितीय, सञ्जय श्रेष्ठ तृतीय, विदुर खनाल र केशवप्रकृति तिमिल्सिना सान्त्वना हुनुभएको छ । विद्यालयस्तरीय खुल्ला कविता प्रतियोगितामा अभिप्सा सापकोटा प्रथम, आयुष आचार्य द्वितीय, आशीर्वाद कट्टेल तृतीय, वीनाभक्त नेपाली र विनिषा श्रेष्ठ सान्त्वना हुनुभएको छ ।

# फेन्सिङ टोली इजिप्ट जाँदै

**रासस**
**काठमाडौं, २८ असार**

विश्व फेन्सिङ च्याम्पियनशिपमा सहभागी हुन सात खेलाडीसहित १० सदस्यीय नेपाली टोली बुधबार इजिप्टको काइरो प्रस्थान गर्दैछ ।

प्रतियोगितामा पाँच पुरुष र तीन महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । सहभागी हुने पुरुष खेलाडीमा पायस योञ्जन, दिनेशबहादुर पाण्डेय, राजेन्द्र गजुरेल, सुकीराम तामाङ र भीष्मराज दाहाल तथा महिला खेलाडीमा अनिता कार्की, जानुका स्याङ्तान र उषा खड्का छन् । विशेष प्रशिक्षणका लागि योञ्जन इजिप्ट प्रस्थान गरेका छन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## श्री मार्फा डिस्ट्रीलरी उद्योग

घरपोझोङ-२, मार्फा, मुस्ताङ

**मिति २०७९/४/१ गते देखि लागु हुने दररेट**

| ब्राण्डको नाम | क्षेत्रिय वितरक मु.अ.कर समेत | वितरक मु.अ.कर समेत | थोक विक्रेता मु.अ.कर समेत | खुद्रा विक्रेता मु.अ.कर समेत | उपभोक्ता मुल्य मु.अ.कर समेत |
|---|---|---|---|---|---|
| M1987 ब्राण्डी ७५० ML (PREMIUM) | ९२००/- प्रति पेटी | ९६६०/- प्रति पेटी | १०१४०/- प्रति पेटी | १०६५०/- प्रति पेटी | १०५०/- प्रति बोटल |
| SELTHU ब्राण्डी ७५० ML (१२ बोटल) | ८५००/- प्रति पेटी | ८८४०/- प्रति पेटी | ९१९५/- प्रति पेटी | ९५६०/- प्रति पेटी | ९५०/- प्रति बोटल |
| ३७५ ML (२४ बोटल) | ९०००/- प्रति पेटी | ९३६०/- प्रति पेटी | ९७३०/- प्रति पेटी | १०१२०/- प्रति पेटी | ४९०/- प्रति बोटल |
| १८० ML (४८ बोटल) | ९५००/ - प्रति पेटी | ९८८०/- प्रति पेटी | १०२७५/- प्रति पेटी | १०६८०/- प्रति पेटी | २५०/- प्रति बोटल |

# बेद, भानु जयन्ती र गुरु पुर्णिमाको संयोग- म शिक्षक हु तर गुरु हुन सकिन

युब राज खनाल

आज आषाढ २९ गते शुक्ल पूर्णिमाका दिन आज गायत्री, दीक्षा, वेद मन्त्र सुनाउने र शिक्षा दिने गुरुजनप्रति सम्मान भाव प्रकट गरी गुरु पूर्णिमा पर्व मनाइँदैछ। त्यस्तै बेद जयन्ती र भानु जयन्ती पनि आजै मनाइन्छ।

'गु'को अर्थ अन्धकार र 'रु' भन्नाले प्रकाश बुझिन्छ। ज्ञानरुपी प्रकाशले अज्ञानरुपी अन्धकारको नाश गराउने व्यक्तिलाई गुरु भनिने तन्त्रशास्त्र र धर्मशास्त्रका पुस्तकमा उल्लेख गरिएको पाइन्छ । अन्धकारको नाश गरी जीवनमा उज्यालो फैल्याउने व्यक्तित्वलाई नै गुरु भनिन्छ। यस्ता गुरुलाई हाम्रो शास्त्रले ब्रह्मा, विष्णु र महेश्वरका रुपसमेतमा मानेको छ। यसैले विभिन्न ग्रन्थमा यसो भनिएको पाइन्छ।

गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुर्देवो महेश्वरः।

गुरुस् साक्षात् पर ब्रह्म तस्मै श्री गुरवे नमः ॥

माता पिताजस्तै गुरुलाई पनि देवता समान मानी 'आचार्यदेवो भव' भनिन्छ। गुरु पूर्णिमाका अवसरमा यस दिन विभिन्न विद्यालय एवम् संघ संस्थाले कार्यक्रम गरी शिक्षा, दीक्षा दिने गुरुप्रति श्रद्धाभाव प्रकट गर्ने चलन पनि छ।

आजै वेदलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभाजन गरी यसको अर्थ बुझाउन सरल संस्कृत भाषामा १८ पुराण र १८ उपपुराणको रचना गर्ने वेदव्यासको सम्झनामा व्यास जयन्ती पनि मनाइन्छ।आषाढ शुक्ल पूर्णिमाकै दिन वेद व्यास जन्मिएकाले यसै दिन व्यास जयन्ती मनाउने गरिएको हो।

व्यासले पुराण र उपपुराणका माध्यमबाट यस्तो सन्देश दिन खोजेका छन्ः

'अष्टादश पुराणेषु व्यासस्य वचन द्वयम्।

परोपकार पुण्याय, पापाय परपीडनम' ॥ अर्थात् अरुको उपकार गरे धर्म हुन्छ एवम् अरुलाई पीडा दिए पाप लाग्छ भनी मानवतावादी सन्देश दिएका छन्। पाँचौं वेदसमेत भनिने महाभारत पनि व्यासले नै रचना गरेका छन।

मलाई लाग्छ म शिक्षक हु तर गुरु हुन सकिन। बि.स. २०४५ साल देखि नर्सरी, प्राथमिक, माद्यामिक गर्दै कलेज स्तरमा अध्यापन गराउने अबसर पाए । स्वदेशमा मात्रै नभएर बिदेशमा पनि अध्यापन गराए । हाल जापानीज भासा अध्यापन गराईरहेको छु। अध्यापन गराएको पनि एक बिसे तेह्र बर्ष पुगेछ। तै पनि आज सम्म म शिक्षक मात्रै हु । मेरो विचारमा गुरु भनेको त धेरै महान सम्बोधन हो। गुरु भनेको श्रस्टा हो, रचनाकार हो, आबिस्कारक हो, त्यसैले उसको स्थान देवता सरह हुन्छ। त्यसैले हाम्रो पूर्वीय शास्त्रमा गुरुदेवो भवः भनिएको होला । योगका गुरु पतन्जली हुन, विकासबाद्का गुरु चाल्स् डार्बिन हुन। मार्क्सवाद गुरु कार्ल मार्क्स हुन। ज्योतिषका गुरु भिर्गु ऋषि हुन । जसले गुरुका कुरा अनुसरण गर्दछ उ आचार्य हो । जसले गुरुका कुरालाई पढाउछ या सिकाउछ उ शिक्षक हो ।मैले जीवन सबै अरुका कुरा पढाएर सिकाएर बिताए त्यसैले म शिक्षक हु।

गुरुकापनी गुरु भनेको पन्चतत्व हुन, प्रकृति हुन। पृथ्वी, जल, तेज, वायु र आकाश । सन्सारमा जति पनि सृष्टि भएको छ, यिनैका आधारमा भएको छ । प्रत्येक मान्छे भित्र यी माहागुरुहरुको बाँस छ ।यी माहागुरु नभएको भए गुरुहरु पनि हुने थिएनन, शिश्यहरु पनि हुने थिएनन, हामी पनि हुने थिएनौ । गुरुहरु नभए मानवसभ्यता यहाँ सम्म आईपुग्ने थिएन । मेरो बिचारमा, केही शिक्षकहरु गुरु हुनुहुन्छ तर सबै शिक्षक गुरु हुदैनन जस्तो लाग्दछ । अब पुजारी, गाडिहाक्ने ड्राइभर गुरुमा पर्नु हुन्छ या पर्नु हुन्न छुट्टाउनेजिम्मा हजुरहरुको।

अब आदिकबी भानुभक्तको आज जन्म जयन्ती त्यता तर्फ पनि केही प्रशङ उठाउन नगर्नु मेरो अर्घ्याल्याई हुन सक्छ । समयले निर्माण गरेको इतिहासको एक कालखण्डमा ज्यादै थोरै युगपुरुषहरू जन्मिन्छन् र समकालीन युगको सफल प्रतिनिधित्व गर्दै राष्ट्र, समाज र युगयुगान्तरसम्म भावी पुस्ताको लागिसमेत प्रेरणाका अजयस्रोत बन्न पुग्छन् । यिनै महान् युगपुरुषमध्ये आफ्ना युगका सफल क्रान्तिकारी कवि भानुभक्त पनि एक हुन् । नेपाली समाजले उनको योगदानको मूल्यांकन समयनिरपेक्ष होइन, समयसापेक्ष भएर गर्नु बढी न्यायोचित ठहर्छ। कुनै पनि भाषालाई समयले बचाउने हो । आज नेपालका धेरै भाषाहरू अस्तित्वको संकटको अवस्थाबाट गुज्रिरहेका छन्, तर नेपाली भाषाले साझा र सम्पर्कसूत्र भाषाको रूपमा नेपाली समाजमा गरिमामय स्थान प्राप्त गरिरहेको छ।

यो देन तिनै आदिकवि भानुभक्त आचार्यको देन हो, जुन देन त्रि-शतक प्रवेशसम्म आइपुग्दा पनि झन्झन् विकसित, विस्तार र बलवान् बन्दै गइरहेको छ । आजको नेपाली भाषासाहित्यमा परेको प्रभाव र योगदान पनि यसैको विकसित र विराट् रूपस्वरूप हो। तनहुँ चुँदीरम्घामा १९७१ असार २९ गते जन्मेका भानुभक्त आज २०७४ साल असार २९ गते त्रि-शतकको चौथो वर्षमा प्रवेश गर्दासम्म पनि उनी साहित्यिक लोकमा प्रख्यात छन् । नेपाली भाषा साहित्यका प्रथम कवि भानुभक्तका सरल, सरल र मधुमय नेपाली काव्यवाणीले चिरकालदेखि नै अल्पावित बनेर यस समग्र भूखण्डकै सभ्यता र संस्कृतिको सर्जन गर्नमा महत्ववपूर्ण योगदान पुगेको छ, जसलाई कालजयी कवि भानुभक्तको सिर्जनाले मलजल गरेको छ । भानुभक्त नेपाली भाषासाहित्यका आदिकवि हुन् । किनभने नेपाली भाषा र साहित्यप्रतिको योगदानको प्रसंग उठाउँदा तीन जना वाणीपुत्रका बारेमा भानुभक्तको तुलना गर्न सम्भव छ।

संस्कृत साहित्यको विकासमा संस्कृतका आदिकवि वाल्मीकिको जुन स्थान छ, हिन्दी साहित्यमा सन्त तुलसीदासको जो गौरवमय गाथा भएजस्तै नेपाली भाषासाहित्यमा कवि भानुभक्तको पनि त्यही स्थान छ। भारतीय कवि सन्ततुलसीदासले युगको १६ औं शताब्दीमा रामचरितामानसको रचना गरेर पुण्यकार्य गरेका थिए । त्यसैले यस अर्थमा पनि कवि भानुभक्तलाई नेपालका सन्ततुलसीदास भनिएको हो।

नेपाली भाषासाहित्यका मूर्धन्य व्यक्तित्व भानुभक्तले नेपाली भाषामा अध्यात्म रामायणको मौलिक अनुवादपश्चात् यस क्षेत्रमा नयाँ युगको क्रान्ति प्रारम्भ भएको हो। साहित्यिक श्रेष्ठताको मूल्यांकन जनतामा परेको अनन्त प्रभाव र सर्वकालीन ह्यस्पर्शतामा निर्भर रहन्छ । संस्कृत भाषाको चर्को दबदबा रहेको तत्कालीन अवस्थामा रामायणजस्तो सुन्दर महाकाव्यलाई नेपाली भाषामा मौलिक अनुवाद गरेर साझा भाषाको रूपमा भानुभक्तले गरेको योगदान अतुलनीय रहेको छ।

कुनै पनि स्रष्टा द्रष्टालाई असल-खराब तथा राम्रो-नराम्रो भनेर परिभाषित गर्ने बलवान् आधार भनेको उसले राष्ट्रपति गरेको समग्र योगदान नै हो।

यसकारण भानुभक्तको योगदानको मूल्यांकन समयनिरपेक्ष होइन, समयसापेक्ष भएर गर्नु जरुरी छ। आज व्यास, भानु जयन्ती का साथै गुरु पुर्णीमा समेत एकै साथ परेको छ । यो अन्तन्तै संयोग जुरेको अबस्थामा आदरणीय गुरुहरु प्रती हार्दिक श्रद्धा सुमन। शुक्ला १ तनहुँ



तनहुँको भिमाद नगरपालिका-९, पाथर्दीस्थित युवा कृषक शिवकुमार आलेले व्यावसायिक रुपमा पालेका बाख्रा । बाख्रापालनबाट उहाँले मनग्य आम्दानी गर्दै आउनुभएको छ । तस्बिर : कृष्ण न्यौपाने/रासस

# विपद्ले क्षतिग्रस्त पालिकालाई प्रदेशबाट बजेट थप

**पोखरापत्र संवाददाता**
**मनाङ, २८ असार**

गतवर्ष जेठ र असारमा मर्स्याङ्दी नदीमा आएको बाढीले क्षतिग्रस्त नासों र चामे गाउँपालिकामा बजेट थप गरिएको छ।

क्षतिग्रस्त क्षेत्रको पूर्वाधार विकास, मर्मत र संरक्षणका लागि हिमाली जिल्ला मनाङको प्रदेशसभा 'क'अन्तर्गत आर्थिक वर्ष २०७९/८०का लागि विभिन्न योजनामा गण्डकी प्रदेश सरकारले बजेट थप गरेको हो। प्रदेशसभा सदस्य चिन्ताबहादुर घलेको पहलमा क्षतिग्रस्त क्षेत्रको मर्मत सम्भार सहित संरक्षणका लागि बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ । प्रदेशले क्रमागतअन्तर्गत जिल्ला अस्पतालको भवन निर्माणका लागि रु ६ करोड, चामे गाउँपालिकाको बस्ती विकास र सडक स्तरोन्नतिमा रु एक करोड, बाढीले क्षतिग्रस्त बनाएको लोकप्रिय माध्यमिक विद्यालय संरक्षणका लागि रु ४० लाख र सोही विद्यालयको छात्राबास निर्माणका लागि रु ७० लाख बजेट विनियोजन गरिएको सदस्य घलेले जानकारी दिनुभयो।

उहाँका अनुसार विशेष अनुदानको रुपमा चामे बजार एकीकृत सहरी पूर्वाधार विकासका लागि रु ८७ लाख र थान्चोक स्वास्थ्य चौकी भवन निर्माणका लागि रु ५० लाख बजेट विनियोजन भएको छ । थान्चोक गाउँ संरक्षणका लागि रु २० लाख, चामे घट्टेखोला सडक पुल निर्माणका लागि रु २५ लाख, चामे नयाँ बजार संरक्षणका लागि घट्टेखोला नियन्त्रणमा रु १५ लाख, शिव, सरस्वती, भगवती मन्दिरमर्मतका लागि रु पाँच लाख विनियोजन गरिएको छ। त्यस्तै चामेपारी गुम्बामर्मतका लागि रु पाँच लाख, चामेपारी मानेमर्मतका लागि रु पाँच लाख, क्रमागतअन्तर्गत बिपी स्मृति भवन निर्माणका लागि रु १५ लाख विनियोजन गरिएको छ । यसैगरी विभिन्न वडाका पुराना संरचना जिर्णोद्धार, विकास निर्माण र क्रमागत आयोजनाका लागि बजेट विनियोजन गरिएको छ । सबै योजनालाईछिटो,छरितो,प्रभावकारी कार्यान्वयन तथा गुणस्तरीय र पारदर्शी कार्यका लागि स्थानीय जनप्रतिनिधि, सबै सरोकारवाला र विषयगत कार्यालयलाई आवश्यक सहयोग र समन्वय गर्न सदस्य घलेले आग्रह गर्नुभयो ।

# कोरियाको आम्दानी: कुखुरापालनमा लगानी

**पोखरापत्र संवाददाता**
**गलकोट, २८ असार**

सानै उमेरदेखि व्यावसायिक सोच बनाउनुभएका बागलुङ नगरपालिका-४ पाखाथरका जीवन जिसीलाई त्यसबेला लगानी अभाव भयो । व्यावसायमै राम्रो सम्भावना देख्नुभएको उहाँ आर्थिक अभावका कारण सन् २०१३ मा कोरिया जानुभयो। इपिएस भाषा अध्ययन गरेर कोरिया जानुभएको जिसीले कोरियाबाट फर्केर व्यावसायिक कुखुरापालन गर्दै आउनुभएको छ। उहाँले छ वर्ष कोरिया बसाइँ टुङ्ग्याएर नेपाल आएपछि ब्रोइलर कुखुरापालन गर्दै आउनुभएको हो।

जिसीले चार वर्षदेखि व्यावसायिकरुपले कुखुरापालन गर्दै राम्रो आम्दानीसमेत गर्दै आउनुभएको छ। "व्यावसायिक सोच पहिल्यैको हो, आफ्नो जग्गा पनि थियो तर नेपालमा लगानी जुटाउनै समस्या थियो, त्यसबेला कोरियाका लागि भाषा परीक्षा पास गरेर गइयो" उहाँले भन्नुभयो, "दुःख त कोरियामा धेरै नै हुन्छ तर कमाई पनि राम्रै हुन्छ, लगानी भएपछि आफ्नै बारीमा फर्म बनाएँ र ब्रोइलर जातका कुखुरापालन गरिरहेको छु।" जिसीको जेनिसा पोल्टी फर्ममा अहिले ८०० कुखुरा हुर्किरहेका छन्। उहाँले कोरियाबाट आउदा कमाएको रकममध्ये रु १० लाखको लागतमा फर्म स्थापना गर्नुभएको हो । सुरुमा एक पटक कुखुरा हाल्दा रु एक लाखदेखि डेढलाखसम्म कमाइ हुने गरेकामा अहिले दानाको मूल्य आकाशिएका कारण समस्या भएको र पहिलाजस्तो नाफा नभए पनि सन्तोषै लागेको जिसीले बताउनुभयो । कुखुरा पालेपछि दाना खुवाएर गरेको दुःख उठेर घरखर्च चल्दै आएको उहाँले भन्नुभयो । "सुरुआतमा राम्रै कमाइ भएको हो, ४५ दिनमा कुखुरा तयार हुन्छन् एक/डेढ लाख कमाइ हुन्थ्यो, अहिले दानाको भाउ बढेका कारण समस्या त छ तर भाडा तिर्न परेन कुखुरा पालनलाई धेरै दुःख छैन" जिसीले भन्नुभयो,"अहिले पनि सन्तोषजनक आम्दानी छ, विदेश गएर ल्याएको पैसा खर्च गर्न परेको छैन, कुखुरापालनको आम्दानीले खान लाउन पुगेकै छ।" उहाँले आफ्नै आठ आना जग्गामा फर्म तयार गरेर कुखुरापालन गर्दै आउनुभएको छ। नेपालीले केही समय विदेशमा कमाएको रकमलाई नेपालमा सदुपयोग गर्न नसके पुनः विदेश जाने समस्या दोहोरिने नियति बन्छ भन्दै उहाँले विदेशको कमाइ यही सदुपयोग गर्न पनि सुझाव दिनुभयो। कुखुरा पालनमा रोगको प्रकोप नभए राम्रो आम्दानी पनि गर्न सकिन्छ।

कोरियामा गरेको दुःख सम्झदा नेपालमा नै केही गर्ने सोच पलाएर आउने गरेको जिसीको भनाइ थियो । उहाँले आफ्नो फर्मलाई विस्तारै बढाउँदै लैजाने योजना बनाए पनि दानाको मूल्यअनुसार कुखुराको मासुको मूल्य बढ्न नसकेको बताउनुभयो । अहिले बजारमा कुखुराको मासुको मूल्य प्रति केजी रु ४६० रहेको छ।

# राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सुरु

**रासस**
**काठमाडौं, २८ असार**

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा १२ औं केन्द्रीयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता मंगलबारदेखि राजधानीमा सुरु भएको छ।

युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले आयोजित एक कार्यक्रममा उक्त प्रतियोगिताकोउद्घाटनगर्नुभयो।सो अवसरमा उहाँले विद्यालयस्तरीय प्रतियोगिताबाटै भविष्यमा अन्तर ाष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीको पहिचान गर्न सकिने भएको हुँदा प्रतियोगिता महत्वपूर्ण भएको बताउनुभयो।

राखेपका सदस्य-सचिव टङ्कलाल घिसिङले विद्यालयस्तरीय प्रतियोगिता नै खेलकुदको मेरुदण्ड भएको धारणा व्यक्त गर्दै कलिलो उमेरका खेलाडीलाई संरक्षण गर्न सके देशका लागि सक्षम खेलाडी तयार गर्न टेवा पुग्ने बताउनुभयो। उद्घाटनका अवसरमा सहभागी पाँचै प्रदेशका खेलाडीले मार्च पास्ट गरेका थिए।

कपन टाइगरका तेक्वान्दो खेलाडीले आकर्षक र साहसिक प्रदर्शनी गरेका थिए । अक्सिडेन्टल पब्लिक स्कुलका विद्यार्थीले नृत्य प्रस्तुत गरे भने नेपाल ब्रेकिङ एन्ड डान्स स्पोर्ट्स सङ्घले व्यवस्थापन गरेको 'बी बोयिङ' मनमोहक थियो।

ओलम्पियन जुडोकी सोनिया भट्टले उद्घाटनस्थल त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालाको ट्र्याकमा ओलम्पिक टर्च परिक्रमा गराएका थिइन्।

पहिलोपटक राष्ट्रपति रनिङ शिल्ड खेलकुदको उद्घाटन कार्यक्रममा ओलम्पिक टर्च परिक्रमागराइएकोहो।निर्णायकको तर्फबाट एथलेटिक्सका प्रमुख प्रशिक्षक चन्द्र गुरुङ र खेलाडीको तर्फबाट गण्डकी प्रदेशकी एथलेटिक्स खेलाडी तीर्था ढकालले शपथ ग्रहण गर्नुभयो । विभिन्न छ खेल समावेश प्रतियोगितामा प्रदेश १ र मधेस प्रदेशबाहेक पाँच प्रदेशको सहभागिता रहेको छ। भलिबल, कबड्डी, एथलेटिक्स, तेक्वान्दो, कराते र उसुमा ५०० खेलाडी सहभागी छन्।

एथलेटिक्समा २६, करातेमा आठ, तेक्वान्दो र उसुमा ६-६, भलिबल र कबड्डीमा २-२ गरी ५० स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । समग्रमा शीर्ष तीन स्थानमा रहने टिम र खेलाडीको व्यक्तिगत गरी कुल पुरस्कार राशि रु नौ लाख ४५ हजार रहेको छ। प्रतियोगिता बिहीबार सम्पन्न हुनेछ।

# राष्ट्रिय मौलिक कौराहा पत्रकारिता पुरस्कारका लागि छनौट समिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असार**

नेपाल मगर पत्रकार संघ, कास्की शाखाद्वारा सञ्चालित "राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार-२०७९"का लागि प्रतिभा छनौट समिति गठन गरिएको छ।

सोमबार सम्पन्न संघको कार्यसमिति बैठकले राष्ट्रिय मौलिक कौराहा संरक्षण समिति, नेपालले स्थापना गरेको सो पुरस्कारका लागि संघका केन्द्रीय उपाध्यक्ष एमबी आस्था मगरको संयोजकत्वमा सात सदस्यीय छनौट समिति गठन गरेको सचिव उमा आलेमगरले जानकारी दिनुभयो । छनौट समितिका सदस्यहरूमा कौराहा संरक्षण समितिका अध्यक्ष हर्क आलेमगर, उपाध्यक्ष तारामाया थापामगर, केन्द्रीय सदस्य नरमाया आलेमगर, संघका केन्द्रीय उपमहासचिव रूद्रबहादुर श्रीसमगर, जिल्ला अध्यक्ष रूद्रबहादुर हितानमगर र सचिव उमा आलेमगर रहनुभएको छ।

सो पुरस्कार आगामी साउन १५ गते प्रदान गरिने सचिव आलेमगरले जानकारी दिनुभयो। यस पुरस्कारबाट हालसम्म कमला रानामगर, तिलक पुनमगर, प्रताप रानामगर र एमबी आस्था मगर पुरस्कृत भइसक्नुभएको छ । पुरस्कारको राशि १० हजार नगद र ताम्रपत्र रहेको छ । पत्रकारिताका माध्यमबाट मगर जातिको मौलिक संस्कृति कौराहा नाचको प्रचारप्रसार र संरक्षणमा योगदान पुऱ्याउने एक जना मगर पत्रकारलाई हरेक वर्ष पुरस्कार प्रदान गर्दिँदै आएको छ। यसैबीच, अध्यक्ष रूद्रबहादुर हितानमगरको अध्यक्षतामा सम्पन्न बैठकले नेपाल मगर पत्रकार संघ, कास्कीको दोस्रो जिल्ला अधिवेशन समेत आगामी साउन १५ गते नै गर्ने निर्णय गरेको छ।

# बन्दीपुरको विकासका लागि प्रधानमन्त्री देउवाको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**दमौली, २८ असार**

तनहुँको पर्यटकीय नगरी बन्दीपुरको विकासका लागि प्रधानमन्त्री शेरबहादुर देउवाको ध्यानाकर्षण गराइएको छ।

गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाको नेतृत्वमा सोमबार बालुवाटारमा भएको भेटमा गण्डकी प्रदेशकै दोस्रो पर्यटकीय गन्तव्यको रुपमा रहेको बन्दीपुरको समग्र विकासका लागि प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराइएको हो । आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको बन्दीपुरलाई पर्यटनको केन्द्रविन्दु बनाउन सरकारको तर्फबाट सहयोग गरिदिन गाउँपालिकाका अध्यक्ष थापाले प्रधानमन्त्री देउवासमक्ष आग्रह गर्नुभयो। भेटमा सहभागी नेपाली काङ्ग्रेसका नेता स्थानीय रेशम गुरुङका अनुसार प्रधानमन्त्री देउवाले बन्दीपुरलाई पर्यटकीय गन्तव्यको रुपमा थप विकास गर्न सरकारको सहयोग रहने प्रतिबद्धता जनाउनुभएको छ । भेटवार्तामा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरुङ, क्षेत्रीय होटल सङ्घ बन्दीपुरका पूर्वअध्यक्ष वैश गुरुङ लगायतको सहभागिता थियो।